# गोलबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गोलबजार, सिरहा

मधेश प्रदेश, नेपाल

☎०३३-५४००९९

✉golbazarmun@gmail.com


प.सं.:२०७९/०८०

## प्राविधिक सहायक र रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/१०/१७)**

यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक १ (एक) जना र रोजगार सहायक १ (एक) जना खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नगरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व रसिद सहित यस नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.सं. | वि. नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०७९-०८० | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) जना |
| २. | २/२०७९-०८० | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) जना |

१. – **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

**-प्राविधिक सहायकको आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

क) सिभिल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको,

ख) **उमेरः** दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग) **सीपः** आधारभूत कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिने तालिम लिएको,

**- रोजगार सहायकको आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको,

ख) **उमेरः** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग) **सीपः** आधारभूत कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

२. **दरखास्त दिने स्थानः** गोलबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गोलबजार, सिरहा।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७९/११/०२ गते कार्यालय समय भित्र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

४. **आवेदनको दस्तुरः** रु.५००।- (पाँच सय मात्र)

५. **छनौटको किसिमः** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा कम्प्यूटर प्रगोगात्मक परीक्षा **र अन्तरवार्ता** ।

६. **आवेदन साथ संग्लन कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

(क) नेपाली नागरिकता प्रमाणपत्र

(ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्ग प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र

(ग) कम्प्युटर सम्बन्धी तालिमको प्रमाणपत्र

(घ) कामसँग सम्बन्धित अनुभव भए सोको प्रमाणपत्र

(ङ) २ प्रति पासपोर्ट साईजको फोटो

७. **सेवा सुविधा तथा अन्यः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धि मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र प्राविधिक सहायक र रोजगार सहायक पदको कार्यविवरण, पाठयक्रम लगायत पदपुर्ति सम्बन्धि अन्य बिस्तृत जानकारी मन्त्रालयको वेबसाईट www.pmep.gov.np र नगरपालिकाको वेबसाइट www.golbazarmun.gov.np मा उपलब्ध हुनेछ।

..............................

प्रमुख प्रशासकीय अधिकृत